# नेपाल बीमा प्राधिकरण
# NEPAL INSURANCE AUTHORITY

सम्पत्ति शुद्धीकरण निवारण शाखाः- १२ चलानी नम्बरः ४२३८

मितिः २०८१/११/१८

**इजाजतपत्र प्राप्त सम्पुर्ण बीमकहरु ।**

विषयः- **AML/CFT रणनीति तथा कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल सरकारबाट जारी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी तेस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) संग समाञ्जस्य हुने गरी प्राधिकरणबाट 'सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बीमा क्षेत्रको रणनीति तथा कार्ययोजना (२०८१-२०८६) पारित गरिएको व्यहोरा निणर्यानुसार जानकारी गराइन्छ ।

संलग्न अनुसारको कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार र सहयोगी निकायहरुबाट निर्धारीत अवधि भित्रै तोकिएका कार्य सम्पादन गर्ने/गराउने गरी आवश्यक व्यवस्थाको लागि समेत अनुरोध गरिएको छ ।

संलग्नः सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बीमा क्षेत्रको रणनीति तथा कार्ययोजना (२०८१-२०८६)

(पदम प्रसाद सोडारी)
उप निर्देशक

बोधार्थः-
१. श्रीमान् अध्यक्षज्यूको सचिवालय, नेपाल बीमा प्राधिकरण ।

# सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बीमा क्षेत्रको रणनीति तथा कार्ययोजना

(२०८१-२०८६)

नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर

**प्रतिवद्धता**

नेपाल सरकारले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी तेस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२/२०८५/०८६) तर्जुमा गरी लागू गरेको छ ।सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा बीमा क्षेत्रमा रहेका जोखिमका क्षेत्रहरु पहिचान गरी सोही आधारमा सुधारका कार्यहरुलाई थप प्रभावकारी कार्यान्वयनको लागि विभिन्न नीतिगत, कानुनी एवं संस्थागत व्यवस्थाहरु लागू गर्न आवश्यक भएकोले राष्ट्रिय रणनीति तथा कार्ययोजनासँग सामञ्जस्य हुने गरी नेपाल बीमा प्राधिकरणबाट "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बीमा क्षेत्रको रणनीति तथा कार्ययोजना (२०८१-२०८६)" लागू गरिएको छ ।

यस कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार र सहयोगी निकायको रुपमा तोकिएका नेपाल बीमा प्राधिकरण, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, पुनर्बीमा कम्पनी, लघु बीमा कम्पनी, बीमा ब्रोकर र नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त अन्य संस्था तथा बीमकका व्यवसायीक संगठन सबैको उत्तिकै भूमिका रहने हुँदा सबै सम्बद्ध निकायहरुबाट यो कार्ययोजना बमोजिम आ-आफनो क्षेत्रबाट गर्नुपर्ने कार्यक्रम प्रभावकारी ढङ्गले निर्धारित अवधि भित्रै सम्पादन गर्ने अपेक्षा गरिएको छ ।

यस कार्ययोजनाको आवधिक कार्यान्वयनबाट राष्ट्रिय रणनीति अन्तर्गत बीमा क्षेत्रको क्षेतगत जोखिम मूल्याङ्कनमा सहयोग पुग्ने, बीमा व्यवसायको प्रकार, जोखिमको प्रकृति र कारोबारको सीमा अनुसार जोखिमका क्षेत्रहरु पहिचान हुने तथा बीमा क्षेत्रलाई सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीको माध्यम बनाउनबाट रोक्न सहयोग पुग्ने विश्वास लिई राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयनमा प्रभावकारी योगदान पुग्ने विश्वास गरेको छु ।

**अध्यक्ष**

## विषय सूची

**परिच्छेद-१**

**प्रारम्भिक**

१.१ पृष्ठभूमी

१.२ रणनीति तथा कार्ययोजनाको आवश्यकता

१.३ सोच, लक्ष्य उद्देश्य तथा रणनीति

१.४ प्रगती तथा चुनौती

१.५ कार्यान्वयन तथा समन्वय

**परिच्छेद-२**

**कार्ययोजना**

उद्देश्य नं १: अनुसन्धान र अभियोजन

उद्देश्य नं २: सुपरीवेक्षण

उद्देश्य नं ३: बीमा क्षेत्रको जानकारी तथा विश्लेषणको दायरा

उद्देश्य नं ४: आतङ्ककारी कार्य निवारण

उद्देश्य नं ५: प्रणालीगत सुधार

**अनुसूची**

अघिल्लो कार्ययोजनाको (२०७६-२०८१) उद्देश्य तथा रणनीति

## परिच्छेद-१

## प्रारम्भिक

### १.१ पृष्ठभूमीः

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण गर्नको लागि विश्वव्यापी रुपमा नीतिगत, कानूनी तथा संस्थागत संरचना निर्माण हुँदै गएको छ। यसै सन्दर्भमा नेपाल सरकारले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी तेस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरेको छ। यसर्थ, नेपाल सरकारबाट तयार गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) सँग सामञ्जस्य हुने गरी नियमनकारी निकायले समेत क्षेत्रगतरुपमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको प्रभावकारी कार्यन्वयन गर्न/गराउन रणनीति तथा कार्ययोजना बनाई काम गर्नु पर्ने भन्ने निर्देशन अनुसार नेपाल बीमा प्राधिकरणले यो रणनीति तथा कार्ययोजना तयार गरेको छ।

आर्थिक अपराध नियन्त्रण सुशासन प्रवर्द्धनको अभिन्न अङ्ग बनेको छ । Financial Action Task Force (FATF) ले सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आमविनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानी जस्ता गैरकानूनी क्रियाकलाप निवारण गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण र समयानुकूल परिमार्जन गर्दै आएको छ । संयुक्त राष्ट्र संघ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन र बिम्स्टेक जस्ता अन्तरसरकारी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरुले यस विषयलाई आ-आफना नीतिगत दस्ताबेजमा उच्च महत्त्वका साथ समावेश गरी कार्यान्वयन गर्ने उद्देश्यले क्षेत्रीयस्तरमा ९ वटा FATF शैलीका क्षेत्रीय संस्था स्थापना भई कार्य गरिरहेका छन्। एसिया प्रशान्त क्षेत्रका मुलुकहरुबीच यस विषयमा साझा अवधारणा विकास गर्नुका साथै सो सम्बन्धी कामकारवाही अगाडि बढाउन एसिया प्यासिफिक ग्रुप अन मनि लाउण्डरिङ्ग (APG) ले उल्लेखनीय कार्य गर्दै आइरहेको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा विभिन्न निकायले राष्ट्रिय तथा क्षेत्रिय स्थरमा कार्य गर्दै आइरहेकोमा बीमा क्षेत्रले समेत यस सम्बन्धमा समन्वय एंवम प्रभावकारी कार्यान्वयनलाई टेवा पुग्ने गरी कार्य गर्नु आवश्यक भएको छ।

नेपाल सरकारले जारी गरेको तेस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार र सहयोगी निकायको रुपमा रहेका नेपाल बीमा प्राधिकरण, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, पुनर्बीमा कम्पनी, लघु बीमा कम्पनी, बीमा ब्रोकर र बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त अन्य संस्था सबैको उत्तिकै भूमिका रहने हुँदा बीमा क्षेत्रबाट यो कार्ययोजना बमोजिम

गर्नु पर्ने काम कारबाहीको हकमा साझा अवधारणाको विकास गरी राष्ट्रिय रणनीति अनुरुपको उद्देश्य हासिल हुने गरी यस क्षेत्रको कार्यक्रम तयार गरी निर्धारित अवधि भित्रै कार्य सम्पादन गरिने अपेक्षा गरिएको छ।

## १.२ रणनीति तथा कार्ययोजनाको आवश्यकता:

तेस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) को उद्देश्य अनुरुप बीमा क्षेत्रमा हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीलाई निरुत्साहित गर्न यो कार्ययोजना तयार गरी लागू गरिएको छ।

## १.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति:

बीमा प्रणाली तथा बीमा व्यवसायमा हुने आर्थिक क्रियाकलापलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई स्वचालित प्रणालीको विकास गर्ने, जोखिममा आधारित सुपरीवेक्षण पद्धति अवलम्बन गर्ने, बीमकलाई वित्तीय जानकारी इकाई र प्राधिकरणको विद्युतिय प्रणालीमा आबद्धता बढाउने र आतङ्ककारी वा आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारका कार्यमा बीमा क्षेत्रबाट हुन सक्ने वित्तीय लगानी निवारण सम्बन्धमा रणनीतिक कदम चाल्नुपर्ने गरी यस रणनीतिको सोच, लक्ष्य तथा उद्देश्यहरु तयार गरिएको छ।

### १.३.१ सोच:

वित्तीय प्रणालीको संरक्षण तथा स्थायित्वको लागि बीमा क्षेत्रमा हुन सक्ने अपराधको जोखिम न्यूनीकरण गर्ने।

### १.३.२ लक्ष्य:

बीमा क्षेत्रमा हुन सक्ने जोखिमयुक्त कसूर र सम्पत्ति शुद्धीकरण कसूरको अनुसन्धान तथा अभियोजन कार्यमा सहयोग गर्ने।

बीमा क्षेत्रमा हुने आर्थिक अपराधलाई निरुत्साहन गर्न जोखिममा आधारित निरोधात्मक र सुपरीवेक्षण प्रणाली अवलम्बन गर्दै पारदर्शिता एंवम स्थायित्व कायम गर्ने।

बीमा क्षेत्रमा हुन सक्ने आतङ्ककारी कार्य तथा आमविनाशकारी कार्यमा वित्तीय लगानी निरुत्साहन गर्न प्रभावकारी सूचना प्रणालीको अवलम्बन गर्ने।

### १.३.३ उद्देश्य:

तेस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/८६) को उद्देश्य अनुरुप सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी विषय कार्यान्वयन गर्न

आर्थिक अपराधलाई निरुत्साहन तथा सुपरीवेक्षणको क्षेत्रमा जोखिममा आधारित प्रणाली अवलम्बन गरी निरोधात्मक उपायहरुलाई प्रभावकारी कार्यन्वयनका लागि प्रणालीगत सुधार गर्न यो कार्ययोजना तयार गरिएको छ।

**उद्देश्य नं १:**

बीमा क्षेत्रसँग सम्बन्धी गम्भीर र उच्च जोखिमयुक्त आर्थिक अपराधको अनुसन्धान र अभियोजनमा सम्बन्धित निकायलाई आवश्यक सूचना उपलब्ध गराउने।

**रणनीति नं १:**

१.१ बीमा क्षेत्रसँग सम्बद्ध कसूरको अनुसन्धान सम्बन्धी सूचना आदान-प्रदान गर्ने कार्यविधि निर्माण गर्ने।

**उद्देश्य नं २:**

बीमा क्षेत्रको जोखिममा आधारित सुपरीवेक्षण प्रणाली अवलम्बन गरी निरोधात्मक उपायहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।

**रणनीति २:**

२.१ बीमकको संस्थागत सुशासन र पारदर्शिताको सघन व्यवस्था जोखिममा आधारित गर्ने/गराउने।

२.२ बीमा क्षेत्रको जोखिममा आधारित नियमन, सुपरीवेक्षण तथा शीघ्र सुधारात्मक कारबाही (Prompt Corrective Action) प्रणालीको विकास गर्ने।

२.३ जोखिममा आधारित पुँजीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी बीमकको Qualitative and Quantitative जोखिमको मूल्याङ्कन (Assessment) गर्ने।

**उद्देश्य नं ३:** बीमा क्षेत्रको जानकारी तथा विश्लेषणको दायरालाई व्यापक बनाउने।

**रणनीति ३:**

३.१ बीमा क्षेत्रको STR को दायरा बढाई सूचना तथा तथ्याङ्कको गुणस्तरीय विश्लेषण गरी सम्बद्ध निकायहरुमा सूचना प्रवाह गर्ने।

**उद्देश्य नं ४:** बीमा क्षेत्रबाट आतङ्ककारी क्रियाकलाप तथा आमविनाशका हातहतियार निर्माण वा विस्तारमा हुन सक्ने वित्तीय लगानी निवारणका लागि सबल कार्यान्वयन संरचना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु।

**रणनीति ४:**

४.१ बीमा क्षेत्रबाट आतङ्ककारी क्रियाकलाप तथा आमविनाशका हातहतियार निर्माण वा विस्तारमा हुन सक्ने वित्तीय लगानी रोक्न सूचना प्रवाह, नियमन र सुपरीवेक्षणलाई प्रभावकारी बनाउने।

**उद्देश्य नं ५:** पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा बीमा क्षेत्रमा औंलाइएका विषयको सुधारमा समग्र सरकारी प्रयास (Whole of the Government Approach) को अवधारणमा प्रणालीगत सुधार गर्नु।

**रणनीति ५:**

५.१ कानूनी तथा नीतिगत सुधार गर्ने, जोखिमको मूल्याङ्कन नियमित रुपमा अद्यावधिक गर्ने तथा विशिष्टकृत क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

५.२ नियामक तथा बीमकको कार्यसम्पादनको प्रभावकारिता अभिवृद्धि गर्न सवल सूचना तथा मूल्याङ्कन पद्धति अवलम्बन गर्ने।

## १.४ प्रगति तथा चुनौती:

बीमा क्षेत्रमा हुन सक्ने आर्थिक अपराध नियन्त्रण गर्न सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी तथा संस्थागत विकास भए सँगै नेपाल बीमा प्राधिकरणले आफनो स्थानबाट यस क्षेत्रका सूचक संस्थालाई समेत जिम्मेवार बनाई, कानुनी र संस्थागत संरचनालाई थप प्रभावकारी बनाउन समयानुकूल सुधार गर्दै आइरहेको छ।

नेपाल बीमा प्राधिकरणको सम्पत्ति शुद्धीकरण निवारण रणनीति तथा कार्ययोजना २०७६-८१ को मुख्य उद्देश्य तथा उपलब्धी:

क. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीको जोखिम मूल्याङ्कन गरी जोखिममा आधारित प्रणाली अवलम्बन गर्ने उद्देश्य अनुरुप नेपाल बीमा प्राधिकरणले जोखिममा आधारित सुपरीवेक्षण (RBS) प्रणालीको सुरुवात गरेको।

ख. संस्थागत संरचना र मानव श्रोत विकास गर्ने उद्देश्य अनुरुप नेपाल बीमा प्राधिकरण AML/CFT शाखा स्थापित भएको।

ग. वास्तवीक धनी (Beneficial Owner) सँग सम्बन्धित सूचना संकलन तथा व्यवस्थापन गर्ने उद्देश्य अनुसार एकीकृत सफ्टवेयर प्रणालीबाट तथ्याङ्क प्राप्त गर्ने गरी योजना कार्यन्वयनको चरणमा रहेको।

घ. बीमा क्षेत्रको सुरक्षाको लागि निरोधात्मक तथा नियमनकारी उपाय लागू गर्ने उद्देश्य रहेकोमा ऐन, नियमावली, निर्देशन र परिपत्रमा भएको व्यवस्था बमोजिम परिपालना भए/नभएको बारे स्थलगत निरीक्षण गर्ने कार्यको थालनी भएको।

ङ. आतङ्ककारी क्रियाकलाप तथा आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा हुने वित्तीय लगानी निवारण गर्ने उद्देश्य बमोजिम नेपाल बीमा प्राधिकरणले नियमन तथा सुपरीवेक्षण गर्दै आएको।

### १.४.१ नीति तथा कार्यविधि सम्बन्धमा :

क. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा अन्य आवश्यक व्यवस्था समेत समावेश गरी नेपाल बीमा प्राधिकरणबाट बीमा क्षेत्रको लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका अद्यावधिक गर्ने गरिएको छ।

ख. वास्तविक धनी (Beneficial Owner) यकिन गर्ने प्रयोजनार्थ बीमकको संस्थापक शेयर नामसारी गर्दा शेयरधनी तथा सञ्चालकको स्थायी लेखा नम्बर अनिवार्य लिनुपर्ने व्यवस्था गरी परिपत्र जारी गरिएको।

ग. शंकास्पद कारोबारको प्रभावकारी रुपमा जानकारी दिने प्रयोजनार्थ STR/SAR guideline 2024 जारी गरिएको।

### १.४.२ सुपरीवेक्षण सम्बन्धमाः

**क.** नेपाल बीमा प्राधिकरणले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी Risk- Based AML/CFT Manual, २०२० अनुसार सूचक संस्थाहरुलाई AML/CFT Specific On-site Inspection गर्ने व्यवस्था गरेको छ।

### १.४.३ GoAML कार्यान्वयन सम्बन्धमाः

क. जीवन, निर्जिवन, पुनर्बीमा तथा लघु बीमा कम्पनीहरुलाई GoAML सम्बन्धी अभिमुखीकरण गराई पूर्ण कार्यन्वयन गर्न निर्देशन गरिए बमोजिम सम्पूर्ण बीमकहरुले GoAML software मार्फत वित्तीय जानकारी ईकाइमा STR र TTR को विवरण पेश गर्ने व्यवस्था गरिएको।

### १.४.४ तालिम सम्बन्धमाः

क. जीवन, निर्जिवन, पुनर्बीमा तथा लघु बीमा कम्पनीहरुका सञ्चलक, कर्मचारी तथा सरोकारवालाई समय समयमा तालिम तथा अभिमुखीकरण कार्यक्रम गर्ने गरिएको।

### १.४.५ कारबाही सम्बन्धमाः

क. बीमा ऐन २०८१, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण ऐन २०६४ तथा निर्देशिका २०८१ को अधिनमा रहि कारवाही गरिएको ।

### १.४.६ चुनौतीः

क. बीमा क्षेत्रमा मानव संसाधनको व्यावसायिक ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्नु।

ख. मानव संसाधन पलायन हुनु तथा थप आकर्षण गर्न नसक्नु।

ग. कार्यान्वयनको सशक्तता तथा जोखिममा आधारित सुपरीवेक्षण प्रणालीको स्वीकार्यता विकास गर्नु।

घ. तहगतरुपमा हुन सक्ने वास्तविक धनी (Beneficial owner) यकिन गर्ने प्रणाली विकास गर्नु।

ङ. सम्बन्धित निकायहरु बीच प्रभावकारी समन्वय गर्नु।

च. बृहत् ग्राहक पहिचानमा आपर्याप्तता तथा कमजोर ग्राहक पहिचान प्रणाली हुनु।

छ. सूचना तथा तथ्याङ्कको प्राप्ति तथा विश्लेशणको लागि समयसापेक्ष रुपमा विद्युतिय प्रणालीमा आवद्धता गर्नु।

ज. सम्पत्ति शुद्धीकरण तथा आतंङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय सहकार्य र समन्वय अभिवृद्धि गर्नु।

## १.५ कार्यान्वयन तथा समन्वयः

बहुनिकाय संलग्न भई सम्पत्ति शुद्धीकरण तथा आतंङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण कार्य गर्नुपर्ने यो प्रणालीमा मौजुदा कानून एंवम यस रणनीति तथा कार्ययोजना कार्यान्वयनमा सहजिकरण गरी नियमित रुपमा समिक्षा, मूल्याङ्कन एंवम प्रतिवेदन गर्न नेपाल बीमा प्राधिकरण तथा बीमाकले आ-आफ्नो क्षेत्रबाट प्रतिवद्ध भई कार्य गर्न जरुरी छ। यसर्थ, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी गठन हुने समिति वा उपसमितिले आ-आफ्नो कार्यविधि बनाउने र आवश्यकता अनुसार सम्बद्ध निकायको पदाधिकारी वा विज्ञलाई बैठकमा आमन्त्रण गरी सम्पत्ति शुद्धीकरण तथा आतंङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण कार्य प्रभावकारी ढंगले कार्यन्वयन गर्नु पर्नेछ।

# परिच्छेद-२
# कार्ययोजना

सम्पति शुद्धीकरण तथा आतङ्ककारी  क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/८२-२०८५/०८६) कार्यान्वयन गर्ने सम्बन्धी नेपाल बीमा प्राधिकरणको कार्ययोजना।

**उद्देश्य नं. १ः बीमा क्षेत्रसँग सम्बन्धित गम्भीर र उच्च जोखिमयुक्त आर्थिक अपराधको अनुसन्धान र अभियोजनमा सम्बन्धित निकायलाई आवश्यक सूचना उपलब्ध गराउने।**

**रणनीति १.१. बीमा क्षेत्रसँग सम्बद्ध कसूरको अनुसन्धान सम्बन्धी** सूचना आदान-प्रदान गर्ने कार्यविधिगत व्यवस्था गर्ने।

| राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय/ कार्यसमिक्षा गर्ने निकाय | समयावधि | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| १.१.२ | १.१.१ | सम्पत्ति शुद्धीकरण सम्बन्धी (AML Handbook for Insurance Sector) बीमा क्षेत्रको लागि ह्यान्डबुक तयार गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति | २०८२ साउन | AML Handbook for Insurance Sector तयार भएको हुने । |
| | १.१.२ | सूचक संस्थाले नियमनकारी निकाय, वित्तीय जानकारी इकाई तथा अन्य अनुसन्धानकारी निकायलाई सूचना आदान-प्रदान गर्ने प्रणालीको विकास गर्ने। | बीमाक्षेत्रका सूचक संस्था | नेपाल बीमा प्राधिकरण | नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति | नियमित | सूचना आदान-प्रदान प्रणालीको विकास भएको हुने । |

**उद्देश्य नं. २ः बीमाक्षेत्रमा जोखिममा आधारित सुपरिवेक्षण प्रणाली अवलम्बन गरी निरोधात्मक उपायहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।**

**रणनीति २.१. बीमकको संस्थागत सुशासन र पारदर्शिताका सघन व्यवस्था जोखिमको आधारमा संस्थागत गर्ने/गराउने।**

| राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय तथा समिक्षा गर्ने निकाय | समयावधी | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| २.१.१ | २.१.१ | पूँजी, कारोवार र जोखिमको आधारमा बीमकले वास्तविक धनी पहिचान गर्ने विस्तृत कार्यविधि बनाई लागू गर्न आवश्यक मापदण्ड सहितको निर्देशन जारी गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति | २०८१ चैत्र | निर्देशन जारी भएको हुने। |
| २.१.२ | २.१.२ | बीमा व्यवसायको प्रकार, जोखिमको प्रकृति र कारोबारको सीमा अनुसार बीमकले ग्राहक पहिचान, कारोबार, अनुगमन र सो सम्बन्धमा ऐन बमोजिम नेपाल बीमा प्राधिकरण एवं वित्तीय जानकारी इकाइलाई दिने सूचना वा प्रतिवेदन विद्युतिय माध्यमबाट पेश गर्न निर्देशन जारी गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति, बीमकको सञ्चालक समिति | २०८२ साउन | निर्देशन जारी भएको हुने। |
| २.१.३ | २.१.३ | सम्पत्ति शुद्धीकरण निवारण ऐनको उद्धेश्य परिपूर्ति हुने गरी बीमकको सञ्चालक, १(एक) प्रतिशत भन्दा बढी लागानी गरेका लगानीकर्ता र बीमकको प्रमुख कार्याकारी | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति, बीमकको सञ्चालक समिति | २०८१ चैत्र | मार्गदर्शन/निर्देशन जारी भएको हुने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अधिकृत देखि विभागीय प्रमुख सम्मका सम्पूर्ण पदाधिकारीहरुको fit and proper test र वास्तविक धनी पहिचान गर्न मार्गदर्शन/निर्देशन जारी गर्ने। | | | | | |
| २.१.४<br>२.१.५ | २.१.४ | बीमाक्षेत्रका सूचक संस्थाको पूँजी, कारोबार र जोखिमको आधारमा परिपालना गर्नु पर्ने ऐन, नियम, निर्देशन तथा परिपत्रहरुको परिपालना गरे/ नगरेको सम्बन्धमा वार्षिक रुपमा परिपालना परिक्षण गराउन आवश्यक मापदण्ड तयार गरी लागू गर्ने। | बीमकको सञ्चालक समिति | नेपाल बीमा प्राधिकरण / बीमाक्षेत्रका सूचक संस्था | नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति, बीमकको सञ्चालक समिति | २०८२ पुस | मापदण्ड तयार भई लागु भएको हुने। |
| २.१.६ | २.१.५ | बीमाक्षेत्रका सूचक संस्थाहरुले इजाजतपत्र प्राप्त गर्दा र सम्बन्धित निकायबाट कर चुक्ताको प्रमाणपत्र प्राप्त गर्दा वित्तीय जानकारी इकाईमा रहेको goAML मा आबद्ध गर्ने व्यवस्था मिलाउने। | नेपाल बीमा प्राधिकरण र बीमक | वित्तीय जानकारी इकाई र नेपाल बीमा प्राधिकरण | वित्तीय जानकारी इकाई,प्राधिकरणको सञ्चालक समिति र बीमकको सञ्चालक समिति | २०८२ साउन | goAML मा आबद्ध भएको हुने। |
| २.१.७ | २.१.६ | नेपाल बीमा प्राधिकरणले उच्च पदस्थ व्यक्ति, वास्तविक धनी, सूचीकृत व्यक्तिको Criminal Record, Adverse Information लगायतका अन्य विषयको Screening सम्बन्धी विस्तृत कार्यविधि बनाई लागू गर्न निर्देशन जारी गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति, बीमकको सञ्चालक समिति | २०८१ चैत्र | निर्देशन जारी भएको हुने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१.८ | २.१.७ | नेपाल बीमा प्राधिकरणको वेभसाइटमा बीमक तथा बीमा क्षेत्रका सूचक संस्थाहरुको सूची एकीकृत रुपमा अद्यावधिक गरी राखे। | नेपाल बीमा प्राधिकरण | नेपाल बीमा प्राधिकरण | प्राधिकरणको सञ्चालक समिति | २०८१ चैत्र | सूची अद्यावधिक भएको हुने। |

**रणनीति २.२ बीमा क्षेत्रमा जोखिममा आधारित नियमन, सुपरीवेक्षण तथा शीघ्र सुधारात्मक कारवाही (Prompt Corrective Action) प्रणालीको विकास गर्ने ।**

| **राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स.** | **क्र.स** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समन्वय/ कार्यसमिक्षा गर्ने निकाय** | **समयावधि** | **अपेक्षित प्रतिफल** |
|---|---|---|---|---|---|---|---|
| २.२.१ | २.२.१ | जोखिम मूल्याङ्कनको आधारमा बीमकहरुलाई जारी गरिएको निर्देशन नियमित रुपमा अद्यावधिक गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति तथा नियमक समन्वय संयन्त्र | नियमित | मार्गदर्शन अद्यावधिक भएको हुने। |
| २.२.२ | २.२.२ | गैरस्थलगत र स्थलगत सुपरीवेक्षणबाट प्राप्त जानकारी र तथ्यका आधारमा बीमा क्षेत्रको जोखिममा आधारित स्थलगत सुपरीवेक्षण प्रणाली कार्यान्वयन गर्न थप छुट्टै विस्तृत सुपरीसवेक्षण प्रणालीको विकास गर्ने। साथै बीमकको AML/CFT Inspection Manual, 2020 लाई अद्यावधिक गरिने छ। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति | नियमित | सुपरीसवेक्षण प्रणाली अवलम्बन भएको हुने। AML/CFT Inspection Manual, 2020 लाई अद्यावधिक भएको हुने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२.३ | २.२.३ | बीमकको जोखिम मूल्याङ्कन नीति, कार्यविधि, कार्यप्रणाली, क्षमता अभिवृद्धि, रिपोर्टिङ्ग र प्रभावकारिता जोखिम सापेक्ष भए/नभएको यकिन गरी जोखिमका आधारमा नियमनकारी कारवाही तथा सजाय आनुपातिक, निरोधात्मक र प्रभावकारी मापदण्ड तर्जुमा गरी लागू गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति, बीमकको सञ्चालक समिति | २०८२ साउन पश्चात नियमित | मापदण्ड तयार भई सोही अनुसार लागू भएको हुने। |
| २.२.५ | २.२.४ | बीमा क्षेत्रमा न्यूनतम अन्तर्राष्ट्रिय मापदण्ड भएका FinTech, RegTech, Artificial Intelligence जस्ता विषयको प्रयोग सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागू गर्ने। | नेपाल बीमा प्राधिकरण र नियमक समन्वय संयन्त्र | नेपाल बीमा प्राधिकरण र बीमाक्षेत्रका सूचक संस्था | नेपाल बीमा प्राधिकरण | २०८३ साउन | मापदण्ड लागू भएको हुने। |
| २.२.६ | २.२.५ | बीमा क्षेत्रमा संस्थागत जोखिम मूल्याङ्कनको वार्षिक रुपमा स्वतन्त्र तेस्रो पक्षबाट समीक्षा गर्न मापदण्ड तोक्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति, बीमकको सञ्चालक समिति र वित्तिय जानकारी इकाई | २०८१/८२ पश्चात नियमित | मापदण्ड तोकी लागू भएको हुने। |
| | २.२.६ | सम्पत्ति शुद्धीकरण सम्बन्धी सुपरिवेक्षण राष्ट्रिय जोखिम मूल्याङ्कन (National Risk Assessment) तथा बीमा क्षेत्रको संस्थागत जोखिम मूल्याङ्कनको (Institutional Risk Assessment) आधारमा प्राथमिकिकरण गर्ने तथा | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति | २०८२ पछि नियमित | जोखिमयुक्त क्षेत्रको पहिचान हुने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जोखिमयुक्त क्षेत्रको पहिचान गरी Onsite/Offsite/Special Inspection गर्ने व्यवस्था गर्ने। | | | | | |
| | २.२.७ | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा बीमा क्षेत्रको जोखिम न्यूनिकरण तथा समग्र वित्तीय स्थायित्वको लागि Prompt Corrective Action सम्बन्धी मार्गदर्शन बनाई लागू गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | प्राधिकरणको सञ्चालक समिति, बीमकको सञ्चालक समिति | २०८३ पैस सम्म | Prompt Corrective Action सम्बन्धी मार्गदर्शन बनेको हुने। |

**उद्देश्य नं ३: वित्तीय सूचना विश्लेषणको दायरालाई व्यापक बनाउने।**

**रणनीति ३.१ बीमा क्षेत्रमा शङ्कास्पद कारोबार प्रतिवेदनको दायरा बढाई सूचना तथा तथ्याङ्कको गुणस्तरीय विश्लेषण गर्ने।**

| राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय/ कार्यसमिक्षा गर्ने निकाय | समयावधि | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| ३.१.१ | ३.१.१ | बीमक तथा बीमा क्षेत्रका सूचक संस्थाहरुको सूची एकिकृत गरी वेभसाइटमा प्रकाशन गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | नेपाल बीमा प्राधिकरण | नियमित | वेभसाइटमा सूची प्रकाशन भएको हुने। |
| ३.१.२ | ३.१.२ | बीमक तथा बीमा क्षेत्रका सूचक संस्थाहरुले जोखिमको क्षेत्रलाई प्राथमिकता दिई शंकास्पद तथा सीमा कारोवारको जानकारीलाई दायरामा ल्याउने। | बीमा क्षेत्रका सूचक संस्थाहरु | नेपाल बीमा प्राधिकरण | वित्तीय जानकारी इकाई र समन्वय समिति | २०८२ साउन पश्चात नियमित | सम्बन्धित निकायमा जानकारी प्राप्त भएको हुने। |

**उद्देश्य नं ४: आतङ्ककारी क्रियाकलाप तथा आमविनाशका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारणका लागि सबल कार्यान्वयन संरचना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने।**

**रणनीति ४.१ आतङ्ककारी क्रियाकलाप तथा आमविनाशका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी रोक्न सूचना प्रवाह, नियमन र सुपरीवेक्षणलाई प्रभावकारी बनाउने।**

| राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय/ कार्यसमिक्षा गर्ने निकाय | समयावधि | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| ४.१.७ | ४.१.१ | लक्षित वित्तीय कारबाही (Targeted Financial Sanction) सम्बन्धी छुट्टै विशेष निर्देशन जारी गरी निरीक्षण र सुपरिवेक्षण गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमकहरु | नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति तथा प्रधानमन्त्री तथा मन्त्रीपरिसद्धको कार्यालय | २०८१ चैत्र पश्चात नियमित | निर्देशनमा नयाँ परिच्छेद थप भएको हुने। |

**उद्देश्य नं ५: पारस्परिक मूल्याङ्कन प्रतिवेदन लगायतका अध्ययनहरुले औंल्याएका विषयको सुधारमा समग्र सरकारी प्रयास (Whole of the Government Approach) को अवधारणमा प्रणालीगत सुधार गर्नु।**

**रणनीति ५.१ कानूनी तथा नीतिगत सुधार गर्ने।**

| राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय/ कार्यसमिक्षा गर्ने निकाय | समयावधि | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| ५.२.१ | ५.१.१ | बीमकको संस्थापना वा शेयर खरिद/बिक्रीको अवस्थामा वास्तविक धनी हुन सक्ने कानूनी व्यक्ति वा कानुनी प्रवन्ध (फर्म समेत) को वास्तविक धनी घोषणा वा पहिचान सम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने । | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था र कम्पनी रजिष्ट्रार कार्यालय | नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति | २०८१ चैत | मापदण्ड लागु भएको हुने । |

**रणनीति ५.२. बीमा क्षेत्रको जोखिम मूल्याङ्कन नियमितरुपमा अद्यावधिक गर्ने।**

| राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय/ कार्यसमिक्षा गर्ने निकाय | समयावधि | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| ५.३.१ | ५.२.१ | बीमा क्षेत्रको जोखिम मूल्याङ्कन अद्यावधिक गर्ने/गराउने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | नेपाल बीमा प्राधिकरण | २०८१/८२ पश्चात नियमित | बीमकको जोखिम मूल्याङ्कन अद्यावधिक भएको हुने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.३.३ | ५.२.२ | बीमा क्षेत्रको वार्षिक जोखिम मूल्याङ्कन प्रतिवेदन समन्वय समितिमा पेस गर्ने। | नेपाल बीमा प्राधिकरण | बीमाक्षेत्रका सूचक संस्था | समन्वय समिति | २०८२ पुस पश्चात नियमित | प्रतिवेदन पेश भएको हुने । |

**रणनीति ५.३. बीमा क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलाप तथा आमविनाशका हातहतियार निर्माण, विस्तार र वित्तीय लगानी निवारण सम्बन्धी जटिल र नयाँ प्रवृत्तिका आर्थिक अपराध नियन्त्रका लागि विशिष्टिकृत क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गर्ने ।**

| राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय/ कार्यसमिक्षा गर्ने निकाय | समयावधि | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| | ५.३.१ | सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलाप नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरुसँग समन्वय गरी बीमाक्षेत्रमा कार्यरत मानव संसाधनको क्षमता अभिवृद्धी गर्ने प्रयोजनार्थ तालिम सञ्चालन गर्ने:<br>• प्राधिकरणको केन्द्रीय र प्रदेश कार्यालयमा कार्यरत कर्मचारीहरु,<br>• बीमकको संचालक, व्यवस्थापन तह तथा प्रदेश तहसम्मका कर्मचारीहरु,<br>• प्रदेश स्तरमा समेत बीमा तथा वित्तीय क्षेत्रका कर्मचारी तथा सरोकारवालाहरुको | नेपाल बीमा प्राधिकरण, बीमकको सञ्चालक समिति | बीमाक्षेत्रका सूचक संस्था | बीमकको सञ्चालक समित प्राधिकरण | नियमित | क्षमता अभिवृद्धी तालिम सञ्चालन भएको हुने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उपस्थितिमा तालिम, छलफल तथा सचेतनामूलक कार्यक्रम गर्ने। | | | | | |

**रणनीति ५.४. प्राधिकरण तथा बीमकले कार्ययोजना तर्जुमा गरी लागू गर्ने ।**

| **राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स.** | **क्र.स** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समन्वय/ कार्यसमिक्षा गर्ने निकाय** | **समयावधि** | **अपेक्षित प्रतिफल** |
|---|---|---|---|---|---|---|---|
| ५.५.१ | ५.४.१ | बीमकले प्रचलित कानून र यो रणनीति तथा कार्ययोजना बमोजिमको जिम्मेवारी पालना गर्न/गराउन विस्तृत कार्ययोजना एंवम वार्षिक कार्यक्रम बनाई लागू गर्ने। | बीमाक्षेत्रका सम्बन्धित सबै | नेपाल बीमा प्राधिकरण | बीमक र नेपाल बीमा प्राधिकरण | यो रणनीति तथा कार्ययोजना पारित भएको मितिले ३ महिना भित्र | वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन भएको हुने। |
| ५.५.२ | ५.४.२ | रणनीति तथा कार्ययोजना, पारस्परिक मूल्याङ्कन, जोखिम मूल्याङ्कन लगायतका अन्य अध्ययन प्रतिवेदन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास बमोजिम कार्यान्वयन गर्ने । | बीमाक्षेत्रका सम्बन्धित सबै | नेपाल बीमा प्राधिकरण | बीमकको सञ्चालक समित नेपाल बीमा प्राधिकरण | नियमित | मापदण्ड कार्यन्वयन भएको हुने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.५.३ | ५.४.३ | जोखिममा आधारित सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन कार्यबोझ अनुसार यस सम्बन्धी कार्य गर्ने छुट्टै विभाग, महाशाखा, शाखा तथा इकाई स्थापना गर्ने। | नेपाल बीमा प्राधिकरण | अन्य सम्बन्धीत शाखा तथा महाशाखा | प्राधिकरणको सञ्चालक समिति | २०८२ साउन | शाखा स्थापना भएको हुने। |

**रणनीति ५.५. प्राधिकरण तथा बीमकको क्षमता अभिवृद्धि गर्ने, गराउने ।**

| राष्ट्रिय रणनीति तथा कार्ययोजना क्र.स. | क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय/ कार्यसमिक्षा गर्ने निकाय | समयावधि | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| ५.६.४ | ५.५.१ | बीमाक्षेत्रका सूचक संस्थाले ग्राहक पहिचान, कारोबार, अनुगमन, नियमनकारी एंव वित्तिय जानकारी इकाईलाई दिने सूचना वा प्रतिवेदन सम्बन्धमा नेपाली वस्तु, सेवा, विज्ञता र सन्दर्भलाई प्राथमिकता दिई बनेका विद्युतीय प्रणाली (Software) अबलम्बन गर्न प्राथमिकता दिने नीतिगत/निर्देशनात्मक व्यवस्था गर्ने। | बीमाक्षेत्रका सूचक संस्था | नेपाल बीमा प्राधिकरण | बीमकको सञ्चालक समिति र प्राधिकरणको सञ्चालक समिति | २०८१ चैत्र | नीतिगत/निर्देशनात्मक व्यवस्था भएको हुने। |